# फिक्कल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## खाङ्साङ् , सिन्धुली
## बागमती, प्रदेश नेपाल

**ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन तथा निकासी सम्बन्धी ठेक्काको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना ॥**

**प्रथम पटक प्रकाशित मिति :- २०८२/०५/२३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३ को उपदफा ११ को घ को ६ र फिक्कल गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धि कार्यविधि, २०७९ बमोजिम गाउँसभाबाट स्वीकृत आर्थिक ऐन, २०८२ अनुसार यस फिक्कल गाउँ कार्यपालिकाको मिति २०८२।०५।१५ गतेको कार्यपालिकाको निर्णय बामोजिम प्रारम्भिक वातावारणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित परिमाणको आधारमा आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ का लागि तपशिल बमोजिमको सर्तमा ढुंगा, गिट्टी, वालुवा तोकिएको स्थानवाट उत्खनन्, संकलन तथा निकासी कर उठाउनको लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएको हुँदा उल्लेखित न्युनतम ठेक्का अंकमा नघट्ने गरी शिलबन्दी बोलपत्र आह्वान गरीएको छ। नेपाल सरकार बाट इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म वा संस्थालाई तोकिएको शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| सि. न. | ठेक्का नं. | ठेक्काको विवरण | स्थान | कूल जम्मा न्युनतम वार्षिक ठेक्का अंक (मू.अ.क कर बाहेक) | बोलपत्र फारम दस्तुत रु. | संकलन तथा निकासीको परिमाण | शुल्क प्रति घन फिट (मु.अ.क.बाहेक) |
|---|---|---|---|---|---|---|---|
| १. | FRM/NCB/Rajaswa/01/082-083 | ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन तथा निकासी | नवलपुर, भंगेरी, साखर खोला, पल्लाटार, लामासोती बगर, जितु खोला, गुन्टार, पञ्चकन्या, थुल्मेघाट, चाल्ने खोला, तिनखण्डे, सोखु खोला, छाँया चित्रेश्वर क र ख बगर वडा नं. २,३,४,५ र ६ | रु. ६७,१३,७१७.४३ (सतसठ्ठि लाख तेह हजार सात सय सत्र रुपैंया तिरचालिस पैसा मात्र) | रु.३०००/- (तिन हजार मात्र) | ९ लाख ५९ हजार १०२.४९ घन फिट | प्रति घन फिट रु.७/-(रु. सात मात्र) |

१. बोलपत्र फारम को सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र उपयुक्त बमोजिमको दस्तुर तिरी यस कार्यालयबाट कार्यालय समयमा खरिद गर्न सकिनेछ।

२. बोलपत्र साथ आफ्नो कबोल गरेको अंकको ५% ले हुने रकम यस कार्यालयको प्राइम कमर्सियल बैक लि. खाङ्साङ् शाखा खाङ्साङ् स्थित **फिक्कल गा.पा.(ग.३) धरौटी खाता नं.०७८०१००००००२८८००१७९** मा जम्मा गरेको सक्कल भौचर साथै राखि प्रस्ट बुझिने गरी ढुङ्गा, गिट्टी, बालुवा संकलन तथा विक्री कार्यको बोलपत्र भनी नाम समेत उल्लेख गरी साथै बोलपत्र दाताको नाम, थर, ठेगाना समेत स्पष्ट उल्लेख गरी पेश गर्नु पर्ने छ। बोलपत्र फारमका साथ बोलपत्रदाताले अद्यावधिक नविकरण गरेको व्यावसाय दताका प्रमाणित इजाजत पत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, आ.व.२०८१/०८२ को कर चुक्ताको प्रमाणपत्र वा आर्थिक वर्ष २०८१/०८२ को कर/आय विरण पेश गरेको प्रमाणित कागजात, बोलपत्र दस्तुर बापतको रकम यस कार्यालयमा जम्मा गरेको राजस्व नगदी रसिद वा यस कार्यालयको प्राइम कमर्सियल बैक लि. मा रहेको **फिक्कल गा.पा.(ग.१.१) आन्तरीक राजस्व खाता नं. ०७८०१००००००२८०००१५०** मा जम्मा गरेको भौचर (रकम फित्ता नहुने) समेत समावेश गर्नुपनेछ। खरिद भएको बोलपत्र स्पष्ट सँग भरी शिलबन्दी लाहाछाप लगाई यो सुचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजेभित्र यस कार्यालमा दर्ता गराईसक्नु पर्नेछ। संशोधन पेश गर्न चाहेमा ३१ औं दिनको १२:०० बजे भित्र संशोधन पेश गर्नुपर्नेछ।

३. रित पुर्वक दर्ता हुन आएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २:०० बजे कार्यालयको प्रतिनिधि एवं बोलपत्रदाता वा निजका प्रतिनिहिरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा बोलपत्रदाताको प्रतिनिधी उपस्थित नभएतापनि बोलपत्र खोल्ने काममा बाधा पर्ने छैन।

४. रित नपुगि, म्याद नाघि तथा कुनै शर्त राखी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन।

५. ठेक्दारले रकम बुझाउँदा पहिलो किस्ताको रकम ठेक्का अंकमा ५० प्रतिशत कायम गरिने र अन्य दुई किस्ता २५ प्रतिशत का दरले विभाजन गरिनेछ। एकमुष्ट रकम बुझाएमा नियमानुसार १० प्रतिशत छुट प्राप्त हुनेछ। पहिलो किस्ताको रकम सम्झौता अगाडीनै जम्मा गर्नु पर्नेछ। दोश्रो किस्ताको रकम माघको पहिलो साता र अन्ति किस्ता चैत्रको दोश्रो हप्ता भित्र यस कार्यालयमा बुझाउनुपर्नेछ। पहिलो किस्ता बाहेक बाँकी किस्तको लागि सो बराबरको ठेक्का अवधिभरको म्याद भएको यस कार्यालयको नाममा जारी भएको मान्यता प्राप्त बैंक ग्यारेण्टी सम्झौता भए बखत पेश गर्नु पर्नेछ।

६. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस फिक्कल गाउँपालिकामा सुरक्षित रहेनछ। दर्ता हुन आएका बोलपत्रहरु मध्ये स्वीकृत बोलपत्रलाई सम्झौता गर्न आउन भनी सूचना दिईनेछ। सम्झौता भए पश्चात नियमानुसार कार्यादेश लिई कार्य संचान गर्नु पर्नेछ।

७. बोलपत्रदाताले बोलपत्रमा मूल्य अभिवृद्धि कर बाहेको ठेक अंक उल्लेख गर्नुपर्नेछ। प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने कर दस्तुर ठेकेदार आफैले बुझाउनु पर्ने छ। मूल्य अभिवृद्धि करको हकमा प्रचलित कानुन बमोजिम लाग्ने मू .अ. कर रकम किस्ता भुक्तानी संगै अग्रिम रुपमा बुझाउनुपर्नेछ।

८. बोलपत्र खरिदको अन्तिम दिन सार्वजानिक विदा पर्न गएको खण्डमा उक्त कार्यहरु विदा सके लगतै कार्यालय खुलेको दिन लगतै हुनेछ।

९ कर/शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयमले गर्नुपर्नेछ। नगदि रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयमा पेश गरी प्रमाणित गराई मात्र प्रयोग गर्नु पर्नेछ।

१०. ठेक्का अवधि भर ठेक्केदारले ठेक्का तोडन् पाइने छैन। विचैमा ठेक्केदारले ठेक्का तोडेमा वा तोकिएको समय सिमामा किस्ता बापदको रकम दाखिला नगरेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत ब्याज हर्जना जोडी अशुलउपर गरिनेछ। यसरी ठेक्का तोडीन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवुल गरेभन्दा कम रकम उठन गएमा सो रकम पनि पूर्व ठेक्केदार बाटै सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

११. गाउँपलिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखी कर/शुल्क असुल गर्नु पर्नेछ। सवारी आवागमनलाई असर पर्ने गरी घाट राख्न पाईने छैन।

१२. बोलपत्र साथ रहेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता भएको प्रमाणपत्र पेश गरेपछि मात्र फिर्ता दिईनेछ।

१३. खोलाबाट सामाग्री हरु उत्खनन तथा संकलन गर्दा विहान सूर्यादय पश्चात र बेलुका सुर्यादय अगावै गरिसक्नु पर्नेछ। साथै मापदण्ड विपरित कुनै किसिमको उत्खनन तथा संकलन गर्न पाईनेछैन।

१४. यस ठेक्का उपर कुनै किसिमको विवाद भएमा यस गाउँपालिकाको निर्णय अन्तिम निर्णय हुनेछ।

१५. ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल जस्ता समाग्री खोलाबाट संकलन गरी यस गाउँपालिकाले तोकिदिएको स्थानमा घाटगद्दी गर्नुपर्नेछ। घाटगद्दी गरिएको ढुङ्गा, गिटि, बालुवा, ग्राभेल जस्ता समाग्रको परिणाम यस गाउँपालिकाको अनुगमन समितिबाट एकिन गरी विक्री गर्नुपर्नेछ।

१६. यस ठेक्काको सम्झौता अवधि सम्झौता भएको मितिले २०८२ जेठ मसान्त सम्म कायम हुनेछ।

१७. सिलबन्दी बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ। सम्पर्क नं.९८५४०४५४६२, ९८४९६१९९८६।

१८. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

२०८२।५।२३

प्रमुख प्रशासकीय अधिकृत
डम्बरबहादुर थिकल मगर
प्रमुख प्रशासकीय अधिकृत